जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९  स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२  अंक २५६  २०८० साल जेठ २ गते मंगलबार  (16 May 2023 Tuesday)  मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

*यस अंक भित्र :* २ पृष्ठमा : भुटानी शरणार्थी प्रकरण... ३ पृष्ठमा : सरकारको आम्दानीभन्दा ... ३ पृष्ठमा : सुडानमा भएको झडपमा करिब ...

## दुर्घटना न्युनिकरण गर्न “सडक सुरक्षा सप्ताह” सुरु



**दैनिक समाचारदाता राजविराज, १ जेठ।**

“सडक सुरक्षा सप्ताह” नाम दिई सुरु भएको ट्राफिक सचेतना कार्यक्रम अभियानकै रुपमा सोमबारदेखी संचालन भएको छ।

जिल्लामा सडक दुर्घटना तिब्र रुपमा बढ्दै गएका बेला न्युनिकरण गर्ने उद्देश्यले सप्ताहव्यापी सचेतनामूलक कार्यक्रम जेठ ७ गतेसम्म संचालन हुने जिल्ला ट्राफिक कार्यालय शम्भुनाथ सप्तरीले जनाएको छ।

उक्त अभियानको एक समारोहबीच जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साहले उद्घाटन गरेका छन्। सडक सुरक्षा सप्ताहको पहिलो दिन सहायक प्रमुख जिल्ला अधिकारी लक्ष्मी आचार्य, प्रहरी उपरिक्षक नरेन्द्र कुमार कार्की, जिल्ला ट्राफिक कार्यालयका इन्चार्ज लक्ष्मण गिरी, सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष धिरेन्द्र कुमार दासका साथै विभिन्न विद्यालयका छात्रछात्रा र संघसंस्थाका प्रतिनिधीहरुको सहभागितामा निस्केको र्‍याली ट्राफिक सचेतना सम्बन्धी पर्चा, पम्प्लेट बाड्दै नगरको विभिन्न भागको परिक्रमा गरेको थियो।

नगर परिक्रममा पश्चात् आयोजिक कार्यक्रममा सहभागि वक्ताहरुले सडक दुर्घटनाबाट बच्न र यात्रुहरुको जिवन रक्षाका लागि अपनाउनु पर्ने सावधानी बारे आ-आफ्नो सुझाव दिएका थिए।

## काँग्रेस सप्तरीका सहसचिव खडकाको निधन पार्टीद्वारा शोक व्यक्त

**दैनिक समाचारदाता राजविराज, १ जेठ।**

नेपाली काँग्रेस सप्तरीका सहसचिव मनोज खडकाको आइतबार असमायिक निधन भएको छ।

नेपाली काँग्रेस सप्तरीका सभापति रामदेव साह र सचिव सनत कुमार मण्डलद्वारा जारि शोक वक्तव्यमा खडकाको निधनप्रति जिल्ला कार्यसमिति गहिरो दुःख व्यक्त गर्दै पार्टीले एउटा सच्चा इमान्दार नेता गुमाएको उल्लेख गरिएको छ।

शोक वक्तब्यमा उनीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै मृत आत्माको चिरशान्तिको कामनाका साथै शोकाकुल परिवारजनप्रति गहिरो समवेदना प्रकट गरिएको छ।

## भुटानी शरणार्थी प्रकरणमा रायमाझीलाई तीन दिन हिरासतमा राख्न अनुमति

काठमाडौं, १ जेठ (रासस)।

काठमाडौं जिल्ला अदालतले नक्कली भुटानी शरणार्थी प्रकरणमा मुछिएका पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझीलाई तीन दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिएको छ।

काठमाडौँको बूढानीलकण्ठबाट आइतबार पक्राउ परेका रायमाझीलाई सोमबार जिल्ला अदालतमा पेस गरिएकामा अदालतको आदेशले प्रहरीले तीन दिन हिरासतमा राखेर अनुसन्धान गर्ने म्याद पाएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रहरी उपरीक्षक सीताराम रिजालले जानकारी दिनुभयो।

रायमाझीलाई वैशाख २० गते पक्राउ पूर्जी जारी गरिएकामा १२औं दिनमा वैशाख ३१ गते पक्राउ गरिएको थियो। उनका छोरा सन्दीपलाई भने सोही दिन पक्राउ गरिएको थियो।

उक्त घटनामा अहिलेसम्म पूर्वगृहमन्त्री बालकृष्ण खाँण, पूर्वगृहसचिव टेकनारायण पाण्डे, पूर्वगृहमन्त्री रामबहादुर थापा बादलका सुरक्षा सल्लाहकार इन्द्रजीत राईसहित १३ जनालाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ। उक्त घटनामा एक सय छ जनाले २३ करोड २५ लाख ठगी भएको भन्दै प्रहरीमा जाहेरी दिएका थिए।

## पठनपाठनमा कठिनाई हुने गरेको भन्दै बिधालयको बाउण्ड्री वाल निर्माण हुने



**दैनिक समाचारदाता राजविराज, १ जेठ।**

बाउन्ड्री वाल नहुदाँ बिधालय संचालन सँगै पठनपाठनमा कठिनाई हुने गरेको भन्दै राजबिराज वडा १२ स्थित दमावतीको राष्ट्रिय आधारभुत बिधालयको बाउन्ड्री वाल निर्माण हुने भएको छ।

विकासको मूल आधार नै शिक्षा रहेकोले आफ्नो पहिलो प्राथमिकतामा शिक्षा क्षेत्र नै परेको भन्दै प्रदेश सांसद किरण कुमारी साहले बाउण्ड्री वाल निर्माण कार्यको सोमबार शिलान्यास गरेकी छिन्।

उनको संसदीय विकास कोषबाट निर्माण हुन लागेको बाउण्ड्री वालले बालबालिकाको सुरक्षा र सहज शैक्षिक वातावरण निर्माणमा मद्दत पुग्ने विश्वास गरिएको छ।

शिलान्यासको क्रममा उनले जनताका बीच शिक्षामा आमूल परिवर्तन गर्ने प्रतिबद्धता बमोजिम सामुदायिक विद्यालयको शैक्षिक वातावरण र गुणस्तरमा सुधार ल्याउन आफ्नो संसदीय विकास कोषको बढी रकम शिक्षा क्षेत्रमा लगानी गर्ने योजनाको साथ अघि बढेको बताइन्।

उनले आफूले प्राप्त गर्ने बजेट शिक्षा सँगै अन्य विशेष अतिआवश्यक र ठोस काममा लगानी गर्ने प्रतिबद्धता जनाउँदै विकासको मुल आधार शिक्षा रहेकोले यसलाई अभियानको रुपमा सुदृढीकरण गर्नुपर्नेमा जोड दिईन।

आधारभुत बिधालय दमावतीको पुर्वाधार नाजुक अबस्थामा रहेको उक्त बिधालयको लागि संसदीय कोषबाट बाउण्ड्री बाल निर्माण कार्यको शिलान्यास गरेको बताईन।

कार्यक्रममा जसपा स्थानिय नेता शैलेन्द्र यादव, राम अवतार यादव लगायत स्थानीय वडावासीहरूको उपस्थिति रहेको थियो। उक्त बाउन्ड्री वालको निर्माण जेष्ठ मसान्त भित्र सम्पन्न गर्ने उपभोक्ता समितिले जनाएको छ। उनले आफ्नो संसदिय कोषवाट कुल ५ लाखको लागतमा बाउन्ड्री बनाउन लागेको बताईन।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**

## सम्पादकीय

# उपभोक्ता ठगिदै निकाय मौन

अहिले बजारमा दैनिक उपभोग्य बस्तुहरुको मुल्यमा एकरुपता देखिदैन् । पसल पिच्छै फरक फरक मुल्य रहेको देखिन्छ । दैनिक उपभोग्य वस्तु तरकारी लगायत खाद्यान्नको मूल्य पनि फरक देखिन्छ । जनतमा आर्थिक बोझ थपिएको बेला यस्ता फरक फरक मुल्यले झनै उपभोक्ता मारमा परेका छन् । यता वस्तुको भण्डारण गरी कृत्रिम अभाव सिर्जना गरी मूल्य वृद्धि गराउने व्यापारीका गोदाममा सरकारले छापा मार्ने लगायतका प्रभावकारी कार्यहरुप्रति सम्बन्धित निकायको कुनै चासो देखिँदैन् । कुनै बेला पनि खाद्यान्नको मूल्य बढाउने र घटाउने प्रवृतीले जनतामा त्रास सृजना भएको छ ।

यस्ता कार्यबाट आम उपभोक्ता अवश्य नै पीडाले पिरोलिएका छन् । सरकारले नीति, विधि र कानुनी पक्षलाई सबल बनाई विधिसम्मत चल्न प्रयास गर्नुका साथै यसलाई ढाकछोप, छलछाम, भनसुन गर्नेमाथि कारवाहीको धारणा राख्नु पर्नेहुन्छ । तसर्थ जनतामाथी सिधै असर पर्ने कार्यप्रति सम्बन्धीत निकाय मौन नसाधेर अनुगमनका साथै कारवाहीको प्रक्रिया अघि बढाए मात्र मुल्य नियन्त्रणका साथै मुल्यमा समानता आउन सक्छ ।

# भुटानी शरणार्थी प्रकरण : दोषीलाई कानुनी दायरामा ल्याउन माग

काठमाडौँ, १ जेठ (रासस) । सांसदहरुले भुटानी शरणार्थी प्रकरणका दोषीलाई कानुनी दायरामा ल्याउन माग गर्नुभएको छ । प्रतिनिधिसभाको सोमबारको बैठकको शून्य समयमा उहाँहरुले नक्कली भुटानी शरणार्थी बनाएर अर्बभन्दा बढी आर्थिक घोटाला गर्ने कार्यमा संलग्नलाई उचित छानबिन गरी कडाभन्दा कडा कारबाही गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको हो ।

सांसद हितराज पाण्डेलले नक्कली भुटानी शरणार्थी प्रकरणको विषयले देश तातेको र सरकारले दृढताका साथ यो विषयलाई अगाडि बढाएकोप्रति जनतामा आशा जागेको भन्दै दोषीलाई कारबाही गरेर जनताको आशालाई विश्वासमा परिणत गर्न सरकार समक्ष माग गर्नुभयो । उहाँले हेटौँडा, गोरखकाली उद्योगलगायतलाई सञ्चालनका लागि बजेटमा व्यवस्था गर्न पनि माग गर्नुभयो ।

सांसद डा स्वर्णिम वाग्लेले भुटानी शरणार्थी प्रकरणको निष्पक्ष छानबिन गरी दोषीलाई कानुनी दायरामा ल्याउनुपर्ने माग गर्नुभयो । उहाँले भ्रष्टाचारका लागि सार्वजनिक पदको दुरुपयोग हुने गरेको र त्यसको उदाहरण तनहुँका दर्जनौँ आयोजना अलपत्र परेको, बनेका सडक पनि गुणस्तरहीन भएको भन्दै राष्ट्रिय भौतिक विकासको औचित्वमा बहस गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

सांसद ज्ञानु बस्नेत सुवेदीले नक्कली भुटानी शरणार्थी प्रकरणका दोषीलाई उचित छानविन गरी दोषीलाई कडा कारबाही गर्न माग गर्नुभयो । उहाँले भ्रष्टाचारलाई निर्मूल गर्न आम नेपालीको एकता चाहिने भन्दै विगतका भ्रष्टाचारको पनि छानबिन गरिनुपर्ने बताउनुभयो ।

सांसद सुनिता बरालले भ्रष्टाचारले राजनीति क्षेत्रमा पनि वितृष्णा पैदा गरेको भन्दै भ्रष्टाचारसम्बन्धी विद्यमान कानुन संशोधन गरी दोषीलाई उम्कने वातावरण नबनाउन माग गर्नुभयो । सांसद सूर्यप्रसाद ढकालले समाजका हरेक क्षेत्रमा भ्रष्टाचार मौलाएको भन्दै विसं २०५८ देखि हालसम्मका सबै क्षेत्रका उच्चतहका अधिकारीमाथि छानबिन गर्न उच्च उच्चस्तरीय संसदीय छानबिन समिति गठन गर्न माग गर्नुभयो । सांसद सोनु मुर्मुले भ्रष्टाचार र अनियमितताले देशको बदनाम भइरहेको भन्दै दोषीलाई कानुनी दायरामा ल्याउन माग गर्नुभयो ।

सांसद बिजुला रायामाझीले भ्रष्टाचारीलाई कडाभन्दा कडा कारबाही गर्न माग गर्नुभयो । उहाँले शिक्षा क्षेत्रका सबैखाले समस्याको समाधान खोज्न नीतिगत सुधार गरिनुपर्ने बताउनुभयो ।

सांसद विद्या भट्टराईले गाईभैंसीमा देखिएको लम्पी स्किनका कारण पशुहरु मरिरहेको र यस घटनाले किसानलाई चिन्तित बनाएको भन्दै सङ्क्रमण रोकथाम तथा पीडित किसानलाई राहत उपलब्ध गराउन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । साथै उहाँले पोखरा हङ्कङ बजारका साना व्यवसायीलाई राहत उपलब्ध गराउन माग गर्नुभयो ।

सांसद विनिताकुमारी सिंहले देशमा रहेको बेरोजगारी समस्या समाधान गर्न सबै स्थानीय तहमा ग्राम उद्योग र दक्षजनशक्तिका लागि तालिम केन्द्र स्थापना गर्न माग गर्दै त्यसका लागि आगामी आर्थिक वर्षमा बजेट विनियोजन गर्न माग गर्नुभयो ।

सांसद वीरबहादुर बलायारले देशको छवटै राजधानी बन्दै गर्दा अहिलेसम्म सुदूरपश्चिम प्रदेशको राजधानी किन बनेन र अहिलेसम्म केन्द्रीय सरकारले किन भोगाधिकार दिँदैन भनी प्रश्न गर्नुभयो । उहाँले सुदूरपश्चिममा गेटा मेडिकल कलेजलाई चाँडो मेडिकल कलेजका रुपमा सञ्चालन गर्न माग गर्नुभयो । भूकम्पीडितलाई राज्यले राहत उपलब्ध गराउनुपर्नेमा उहाँको जोड छ ।

सांसद विराजभक्त श्रेष्ठले वर्षात सुरु भएको र डेङ्गुको सङ्क्रमणको खतरा बढेको भन्दै सम्भावित जोखिम नियन्त्रणका लागि पूर्व तयारी अपनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद सरिता भुषालले बुटवल-नारायणगढ सडक स्तरोन्नति द्रूत गतिमा अघि बढाउन प्रभावकारीरुपमा अघि बढाउन माग गर्नुभयो । सांसद शान्ति चौधरीले बर्दियाको राजापुरको १८ बिघामा पाँच सय घरधुरीमध्ये थोरैले मात्रै लालपुर्जा पाएको भन्दै सबै घरधुरीलाई लालपुर्जाको व्यवस्था गर्न माग गर्नुभयो ।

सांसद सीता मिजारले राजधानी खहरे टोखा सुरुङमार्ग निर्माणका लागि आगामी आर्थिक वर्षमा बजेट व्यवस्था गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद शान्ति विकले पछिल्लो समय एकपछि अर्को आत्महत्याका घटना बढिरहेको र पछिल्लो वैशाख १९ गते चितवनका एक पोल्ट्री व्यवसायी शङ्कर कँडेलले आत्महत्या गरेको र आत्महत्याको कारण आर्थिक भएको जनाउँदै 'सुसाइड नोट' लेखेको भए पनि हत्या भएको लामो समय बितिसक्दा पनि दोषी पक्राउ नपर्नुको कारण माग गर्नुभयो । उहाँले यस्ता घटना दोहोरिन नदिन दुरुत्साहन गर्नेलाई कडा सजायको व्यवस्था गर्न माग गर्नुभयो ।

सांसद शान्ति श्रेष्ठले भूमिहीनको समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद सुमना श्रेष्ठले नयाँ पुस्ताको प्रतिनिधित्व गर्न आफूहरुलाई कसैले रोक्न नसक्ने बताउनुभयो ।

सांसद सुशीला श्रेष्ठले नेपाल सरकार र जापान सरकारको संयुक्त लगानीको उदयपुर सिमेन्ट उद्योगले गत आर्थिक वर्ष झण्डै रु पाँच करोड नाफा कमाएको तथा सरकारी उद्योग धराशायी बन्ने अवस्थामा यो सकारात्मक उपलब्धिलाई ध्यान दिएर राम्रो गर्ने उद्योगलाई प्रोत्साहन र खराब गर्नेलाई दण्डसजायको व्यवस्था गर्न माग गर्नुभयो ।

सांसद सूर्यकुमारी श्रेष्ठले गत वैशाख २७ गते दैलेखको आठबीसस्थित सामुदायिक वनमा आगलागीको घटनामा परी एकको मृत्यु भएको र कैयन घाइते रहेका भन्दै घाइतेको निःशुल्क उपचार र मृतकका परिवारलाई राहत उपलब्ध गराउन माग गर्नुभयो ।

सांसद सीताकुमारी रानाले पनि आगलागीबाट घाइते भएकाको निःशुल्क उपचारको व्यवस्था गर्न र पीडितलाई राहत उपलब्ध गराउन माग गर्नुभयो ।

सांसद सोविता गौतमले काठमाडौँको पेप्सिकोला ब्रम्हखेल सडकखण्ड र साँखु थली सडकखण्डको बाँकी सडक स्तरोन्नति गर्न भौतिक पूर्वाधार मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

सांसद हर्कमाया विश्वकर्माले वैशाख १८ गते झापा बिर्तामोडका सुजन सुनार उम्लिएको खोलेमा परेर गम्भीर घाइते भई हाल कीर्तिपुर अस्पतालमा उपचार भइरहेको र आर्थिक अवस्थाले उपचारमा कठिनाइ भएको भन्दै निःशुल्क उपचारको व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद ज्ञानेन्द्रबहादुर कार्कीले काठमाडौँ सहर प्रदूषित बनिरहेको र उपत्यकाको सडक जामले रु एक खर्बभन्दा बढी आर्थिक क्षति भइरहेको भन्दै यो भविष्यका लागि धेरै ठूलो चुनौतीको विषय भएकाले जटिल समस्याको समाधानका लागि कार्यतालिका बनाएर काम गर्न जरुरी भएको बताउनुभयो ।

सांसद हृदयराम थानीले कर्णाली प्रदेशको प्रहरी तालिम केन्द्र हाल लुम्बिनीको नेपालगञ्जमा रहेको भन्दै त्यसलाई कर्णालीमै स्थानान्तरण गर्न गृहमन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

सांसद हरि ढकालले पूर्वी चितवन बाढीको उच्च जोखिम रहेको र पूर्वी राप्तीमा उचित तटबन्धन नहुँदा बर्सेनि क्षति पुऱ्याइरहेको र अन्य सहायक खोलाको तटबन्धनका लागि उचित बजेट तर्जुमा गर्न ध्यानाकर्षण गराउनुभयो ।

सांसद हेमराज राईले स्थानीय सरकारलाई कानुन, दक्षजनशक्ति, उपकरण र बजेटद्वारा सबल गर्नु अहिलेको प्रमुख जिम्मेवारी भएको बताउनुभयो ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# सरकारको आम्दानीभन्दा खर्च बढी

काठमाडौं, १ जेठ (रासस)।

सरकारी खर्चको तुलनामा राजस्व सङ्कलन न्यून हुँदा वित्तीय घाटा बढ्दै गएको छ।

महालेखा नियन्त्रक कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०७९/०८० को वैशाख मसान्तसम्म सरकारको आम्दानीभन्दा खर्च साढे दुई खर्बले बढी देखिएको हो। यो अवधिमा रू १० खर्ब ४७ अर्ब बराबर सरकारी खर्च हुँदा राजस्व सङ्कलन र अनुदान प्राप्ति भने रू सात खर्ब ९७ अर्ब बराबर मात्रै छ।

महालेखा नियन्त्रक कार्यालयका अनुसार १० महिनामा सरकारले वार्षिक विनियोजनको ५८ दशमलव ४१ प्रतिशत बराबर बजेट खर्च गरेको छ। सरकारले चालु आर्थिक वर्षका लागि रू १७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाख बराबरको बजेट ल्याएको थियो। जसमध्ये हालसम्म रू १० खर्ब ४७ अर्ब ७६ करोड १० लाख बराबर खर्च भएको छ।

वैशाख मसान्तसम्ममा चालु खर्च ६६ दशमलव ४९, पुँजीगत खर्च ३३ दशमलव ०४ र वित्तीय व्यवस्थातर्फको खर्च ५८ दशमलव ७९ प्रतिशत बराबर छ।

चालु आर्थिक वर्षका लागि चालु शीर्षकमा रू ११ खर्ब ८३ अर्ब २३ करोड बराबरको बजेट ल्याइएकामा हालसम्म रू सात खर्ब ८६ अर्ब ७४ करोड बराबर खर्च भएको छ। त्यस्तै रू तीन खर्ब ८० अर्ब ३८ करोड बराबरको विकास बजेट चालु आर्थिक वर्षका लागि छुट्याइएकामा १० महिनामा रू एक खर्ब २५ अर्ब ६७ करोड बराबर मात्रै खर्च भएको छ।

यस अवधिमा भएको बजेट खर्चको अवस्था हेर्दा पुँजीगत शीर्षकमा भन्दा वित्तीय व्यवस्थातर्फको बजेट खर्च धेरै छ। वैशाख मसान्तसम्ममा वित्तीय व्यवस्थातर्फ रू एक खर्ब ३५ अर्ब ३३ लाख बराबर खर्च भएको छ। वित्तीय व्यवस्था शीर्षकमा हुने खर्च मुख्यगरी सरकारी ऋणको साँवा ब्याजलगायतमा खर्च हुने गरेको छ।

वैशाख मसान्तसम्ममा सरकारी राजस्व सङ्कलन वार्षिक लक्ष्यको ५४ दशमलव ६६ प्रतिशत बराबर छ। चालु आर्थिक वर्षका लागि रू १४ खर्ब तीन अर्ब १४ करोड बराबर आन्तरिक राजस्व उठाउने लक्ष्य राखेको सरकारले हालसम्म रू सात खर्ब ५६ अर्ब २५ करोड ३१ लाख बराबर मात्रै असुल गरेको हो।

त्यस्तै चालु आर्थिक वर्षका लागि रू ५५ अर्ब ४५ करोड ८३ लाख बराबर वैदेशिक अनुदान लिने सरकारी लक्ष्य रहेकामा वैशाख मसान्तसम्ममा लक्ष्यको आठ दशमलव ६६ प्रतिशत अर्थात् रू चार अर्ब ८० करोड बराबर मात्रै अनुदान आएको छ।

गत वर्षको वैशाख मसान्तसम्मको तुलनामा यस वर्षको सोही अवधिमा आयकर र मूल्य अभिवृद्धि कर (भ्याट) घटेको छ भने अन्तःशुल्क असुली बढेको छ।

चालु आर्थिक वर्षको वैशाख मसान्तसम्ममा रू एक खर्ब ५९ अर्ब पाँच करोड बराबर आयकर सङ्कलन भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा रू एक खर्ब ७३ अर्ब ४० करोड बराबर आयकर सङ्कलन भएको थियो।

त्यस्तै गत वर्षको तुलनामा भ्याट पनि न्यून उठेको छ। गत वर्ष वैशाख मसान्तसम्ममा रू ९० अर्ब ६८ करोड भ्याट उठेकामा चालु आर्थिक वर्षको सोही अवधिमा रू ८८ अर्ब ६७ लाख बराबर असुली भएको छ।

गत वर्षको तुलनामा अन्तःशुल्क भने केही बढेको छ। वैशाख मसान्तसम्ममा रू ८४ अर्ब ११ करोड बराबर अन्तःशुल्क असुली भएको छ। गत वर्षको सोही अवधिमा अन्तःशुल्क रू ८३ अर्ब ८८ करोड बराबर थियो।

# मधेस सरकारले पूर्णता नपाउँदा बजेट तयारी प्रभावित

धनुषा, १ जेठ (रासस)।

मधेस प्रदेशमा सत्ता साझेदार दलबीच असन्तुष्टि बढेको छ। जसले गर्दा आगामी आर्थिक वर्षको बजेटका लागि गर्नुपर्ने तयारी प्रभावित बनेको छ।

नेकपा (एमाले) सरकारबाट बाहिरिएपछि हाल चार मन्त्रालय रिक्त छन्। मुख्यमन्त्री सरोजकुमार यादवलाई ती मन्त्रालय नेपाली कांग्रेस, तराई मधेश लोकतान्त्रिक पार्टी र नेकपा (एकीकृत समाजवादी)लाई भाग लगाउन सकस भएको छ।

गत वैशाख १० मा सम्पन्न उपनिर्वाचनपछि प्रदेश सरकारको नेतृत्वमा दाबी गर्ने दल पनि बढेकाले असन्तुष्टि बढेको हो। सत्ता साझेदार दल नेपाली कांग्रेस संसदीय दलका नेता कृष्ण यादवले मुख्यमन्त्री सरोजकुमार यादवले सत्ता साझेदारसँग सल्लाह नै नगरी आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम ल्याउन लागेपछि असन्तुष्टि बढेको बताउनुभयो (सत्ता गठबन्धनको बैठक नै बस्न नसकेको उहाँको भनाइ छ।

कांग्रेस र लोसपाले केन्द्रमा भएको गठबन्धन अनुसार प्रदेश सरकारमा आलोपालो नेतृत्वको दाबी गरिरहेका छन्। लोसपाका संसदीय दलका नेता अभिराम शर्माले केन्द्रमा भएको गठबन्धनअनुसार नयाँ ढङ्गबाट अघि अगाडि बढ्ने सहमतिअनुसार लोसपाको नेतृत्वमा मधेस प्रदेश सरकारको गर्न बताउनुभयो।

मुख्यमन्त्री सरोजकुमार यादवले कांग्रेससहितका दललाई सरकारमा सामेल गराउन निरन्तर छलफलमा गरिरहनु भएको छ। तर कांग्रेस र लोसपाले मुख्यमन्त्रीको दाबी गरेपछि सरकारले पूर्णता पाएको छैन।

जसपाले भने कांग्रेसले मुख्यमन्त्री आफूलाई दिने भन्दै उपनिर्वाचन ताका मौखिक सहमति गरेको दाबी गरिरहेको छ। जसपाका अध्यक्ष उपेन्द्र यादवले भन्नुभयो, "सत्तागठबन्धन दलबीच सरकारको नेतृत्व आलोपालो गर्ने सहमति भएको छ। तर जसपाले पहिलो नेतृत्व कांग्रेस वा अन्य पार्टीलाई दिँदैन, अहिले जसपाले नै सरकारको नेतृत्व गर्छ।"

लोसपाले पनि राष्ट्रपति, उपराष्ट्रपति चुनावदेखि बाराको उपचुनावसम्म आफूहरु सत्तागठबन्धनलाई सहयोग गरेको र त्यसैले सरकारको नेतृत्वको आफूहरु पाउनुपर्ने दाबी गर्दै आएको छ।

सरकार निर्माणमा सत्ता साझेदार दलहरुबीच सहमति जुट्न नसक्दा आगामी असार १ मा ल्याउनु पर्ने बजेटका लागि तयारी प्रभावित बनेको छ। मधेस प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्सहित ११ वटा मन्त्रालय छन्।

अहिले मुख्यमन्त्री सरोजकुमार यादवले भौतिक पूर्वाधार, गृह तथा सञ्चार मन्त्रालय, महिला बालबालिका युवा तथा खेलकुद मन्त्रालय र कानुन तथा प्रदेश मामिला मन्त्रालय आफैँसँग राख्नुभएको छ।

त्यसैगरी प्रदेशको मन्त्रिपरिषद्को चैत ९ गतेको निर्णयले मन्त्रालयको नामसमेत हेरफेर गरिएको छ। मन्त्रालयको नाम हेरफेर गरे पनि सोअनुसार मन्त्रीको जिम्मेवारीसमेत तोकिएको छैन।

चैत ९ को निर्णयले विभिन्न सात वटा मन्त्रालयको नाम र कार्यविभाजन परिवर्तन गरिएको छ। अहिले सामाजिक विकास मन्त्रालयलाई दुई भागमा टुक्र्याएर शिक्षा तथा समाज कल्याण मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय बनाइएको छ।

त्यसैगरी श्रम तथा यातायात मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय, ऊर्जा तथा सिँचाइ तथा खानेपानी मन्त्रालय, गृह सञ्चार तथा कानुन मन्त्रालयको छुट्टै नामकरण गरिएको छ।

मन्त्रालयको मन्त्री र सचिवको जिम्मेवारी नतोकिँदा अर्थ मन्त्रालयले अझै पनि यी मन्त्रालयलाई बजेटको सिलिङ पठाउन सकेको छैन। प्रदेशका भौतिक पूर्वाधार मन्त्रालयका सचिव कृष्णकुमार मिश्रले मन्त्री नहुँदा योजना तथा कार्यक्रम छनोट गर्न समस्या हुने गरेको बताउनुभयो।

# अवैध फोन नियन्त्रण गर्ने लक्ष्यका साथ एमडीएमएस लागू

काठमाडौं, १ जेठ (रासस)।

नेपाल दूरसञ्चार प्राधिकरणले सोमबारदेखि अवैध फोन नियन्त्रण गर्ने प्रविधि मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) लागू गरेको छ।

लामो समयको तयारीपश्चात् प्राधिकरणले सोमबारदेखि अवैध फोन नियन्त्रण गर्ने प्रविधि जडान गरेका हो। प्राधिकरणको उक्त निर्णयानुसार सोमबारदेखि नेपालमा दर्ता नभएका मोबाइल फोन सञ्चालनमा आउदैन्। यस्तै वैदेशिक रोजगारीमा छ महिना काम गरेर फर्किएका नेपालीले मात्रै दुई मोबाइल फोन ल्याउन पाउनेछन्।

भन्सार विभागले आइतबार एक सूचना जारी गर्दै श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएको छ महिना पूरा भएकाले मात्रै निःशुल्क रुपमा दुई मोबाइल फोन ल्याउन पाउने व्यवस्था गरेको छ। विभागका अनुसार सोमबारदेखि श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका नेपालीले एउटा चलाइरहेको र एउटा सिलप्याक वा दुवै चलाइरहेको मोबाइल ल्याउन पाउनेछन्।

श्रम स्वीकृति लिई लगातार छ महिना काम गरी नेपाल फर्किँदा एक थान अतिरिक्त मोबाइल ल्याउँदा कुनै पनि भन्सार राजस्व बुझाउनुपर्दैन। उक्त फोन सञ्चालन गर्न भन्सार घोषणा गर्नुपर्ने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत नारद गौतमले जानकारी दिनुभयो।

उहाँका अनुसार वैदेशिक रोजगारीबाट फर्किएको प्रमाणस्वरुप राहदानी देखाएपछि एक मिनेटमा नै काउन्टरमा रहेका भन्सारका कर्मचारीले प्रज्ञापनपत्र दिनेछन्। "एमडीएमएस सोमबारदेखि लागू भएको छ, भिसा लागेको राहदानीका आधारमा हामीले दुई मोबाइल फोन दर्ता गर्छौं", उहाँले भन्नुभयो।

**थप मोबाइल ल्याए भन्सार तिर्नुपर्ने**

एमडीएमएस लागू भएसँगै अध्ययन तथा अन्य प्रयोजनका लागि विदेश गएका नेपालीले स्वदेश फर्कदा एउटा मात्रै मोबाइल फोन ल्याउन पाउनेछन्। तोकिएभन्दा बढी फोन ल्याए भन्सार शुल्क तिर्नुपर्नेछ। मोबाइलको मूल्यका आधारमा पाँच प्रतिशत भन्सार महसुल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) को शुल्क भुक्तानी गर्नुपर्नेछ।

**छ काउन्टर थप**

कार्यालयले पछिल्लो समय छ काउन्टर थप गरेको छ। प्रमुख भन्सार अधिकृत गौतमका अनुसार यसअघि दैनिक तीन काउन्टर मात्रै सञ्चालन भएकामा हाल थपिएका छसहित दैनिक नौ काउन्टर सञ्चालन गरिएको हो।

नौ काउन्टर थप हुँदा प्रज्ञापनपत्र लिन लामो लाइनमा बस्नु नपर्ने उहाँको भनाइ छ। नेपाल दूरसञ्चार प्राधिकरणले २०७३ साल वैशाखबाट इन्टरनेसनल मोबाइल इक्विपमेन्ट आइडेन्टिफायर (आईएमइआई) नम्बर 'युनिक कोड' दर्ता गर्न सुरु गरेको थियो। प्राधिकरणले पहिलो चरणमा आईएमइआई नम्बर दर्ता र दोस्रो चरणमा मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडीएमएस) जडान गर्ने तयारी गरेको थियो।

प्राधिकरणले अवैध मोबाइल फोन नियन्त्रण गर्ने प्रणाली जडान गर्न २०७४ साल वैशाख २८ गते परामर्शदाता छनोटका लागि बोलपत्र आह्वान गरेको थियो। प्राधिकरणले आह्वान गरेको बोलपत्रमा १३ कम्पनीको आवेदन परेको थियो।

प्राधिकरणले आह्वान गरेको बोलपत्रमा आवेदन परेका १३ कम्पनीमध्येबाट २०७६ साल असारमा मात्रै ओएसआई कन्सल्टिङ प्रालि भारत र नमस्ते ग्लोबल कम

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### सुडानमा भएको झडपमा करिब सातसय जनाको मृत्यु : संयुक्त राष्ट्रसंघ

खार्तुम, सुडान, १ जेठ (रासस/सिन्ह्वा)।

सुडानी सेना र र्‍यापिड सपोर्ट फोर्सेज (आरएसएफ) बीच भएको झडपमा परी कम्तीमा ६७६ जनाको मृत्यु भएको संयुक्त राष्ट्रसङ्घीय मानवीय मामिला समन्वय कार्यालय (ओसीएचए) ले आइतबार जनाएको छ।

सुडानमा सेना प्रमुख अब्देल फत्ताह अल-बुहारन र उप-प्रमुख मोहम्मद हमदान डागलोप्रति वफादार सुरक्षा बल (र्‍यापिड सपोर्ट फोर्सेज) बीचको द्वन्द्वले एक महिना नाघिसकेको छ।

"सुडानको सशस्त्र बल र र्‍यापिड सपोर्ट फोर्सेजबीच लगातार ३० दिनसम्म जारी द्वन्द्वमा विशेष गरी खार्तुम र आसपासका क्षेत्रमा कम्तीमा ६७६ जनाको मृत्यु भएको छ भने पाँच हजार ५७६ जना घाइते भएका छन्," ओसीएचएले उल्लेख गरेको छ।

प्रतिवेदनअनुसार गत अप्रिल १५ देखि हालसम्म द्वन्द्वका कारण नौ लाख ३६ हजारभन्दा बढी मानिस विस्थापित भएका छन्, जसमध्ये करिब सात लाख ३६ हजार २०० आन्तरिक रूपमा विस्थापित भएका छन् भने करिब दुई लाखले छिमेकी मुलुकमा शरण लिएका छन्।

गत अप्रिलको मध्यमा भएको झडपपछि सुडानको राजधानी खार्तुमका बासिन्दाले खाद्यान्नको चरम अभाव झेल्दै आएका छन्। झडपमा विशेषगरी दर्जनौं कारखाना लुटिएका वा जलाइएका छन्।

संयुक्त राष्ट्रसङ्घका अनुसार सन् २०२३ मा करिब एक करोड ५८ लाख सुडानी अर्थात् सुडानको जनसङ्ख्याको करिब एक तिहाइलाई मानवीय सहायताको आवश्यकता पर्ने अनुमान गरिएको छ।

मे ११ मा, सुडानी युद्धरत पक्षले साउदी बन्दरगाह शहर जेद्दाहमा आपतकालीन मानवीय सहायता वितरणलाई सहजीकरण गर्न र नागरिकको सुरक्षित निकासीको ग्यारेन्टी गर्न सुडानका नागरिकको रक्षा गर्ने प्रतिबद्धताको घोषणापत्रमा हस्ताक्षर गरेका भएपनि हिंसा रोक्ने सम्झौता भने गरिएको छैन। हिंसात्मक झडपमा कमी आएको छैन।

यद्यपि, दुवै पक्षले एकअर्कालाई सम्झौता उल्लङ्घन गरेको र सशस्त्र द्वन्द्व जारी राखेको आरोप लगाएका छन्। सुडानी सेनाले आइतबार आरएसएफले ओमदुरमान शहरको अल-मसाल्मा क्षेत्रमा रहेको एक चर्चमा क्रिश्चियन उपासकहरूलाई गोली हानेको आरोप लगाएको थियो।

यद्यपि आरएसएफले घटनाको जिम्मेवारी लिन अस्वीकार गरेको छ र यसको पछाडि सेनाको हात रहेको आरोप लगाउँदै घटनाको स्वतन्त्र छानबिनको माग गरेको छ।

### चीनविरूद्ध जासुसी गरेको अभियोगमा अमेरिकी नागरिकलाई आजीवन कारावास

बेइजिङ, १ जेठ (रासस/एएफपी)।

चीनले जासुसी गरेको आरोपमा ७८ वर्षीय एक अमेरिकी नागरिकलाई आजीवन कारावासको सजाय सुनाएको छ।

अमेरिकी पासपोर्ट धारक जोन शिङ्ग-वान लेउङ्गलाई जेल सजाय तोकिएपछि बेइजिङ र वासिङ्टनबीचको सम्बन्धलाई थप तनाव उत्पन्न हुने सम्भावना बढेको छ।

चीनको पूर्वी सहर सुझोउस्थित एउटा अदालतले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "हङकङका स्थायी बासिन्दा लेउङलाई जासुसीगरेको अभियोगमा दोषी ठहर गरिएको छ। उहाँलाई आजीवन कारावासको सजाय सुनाइएको छ र आजीवन राजनीतिक अधिकारबाट बञ्चित गरिएको छ।

सन् २०२१ को अप्रिलमा सुझोउका अधिकारीहरूले ७८ वर्षीय लेउङविरुद्ध "कानुनी कदम चालेका' विज्ञप्तिमा जनाइएको छ। पक्राउ पर्दा लेउङ कहाँ बस्दै आउनुभएको थियो भन्ने स्पष्ट भइसकेको छैन।

बेइजिङस्थित अमेरिकी दूतावासका प्रवक्ताले सुझोउमा हालै एक अमेरिकी नागरिकलाई दोषी ठहर गर्दै सजाय सुनाइएको खबरबारे आफूहरू जानकार रहेको बताउनुभयो।

विदेश मन्त्रालयका प्रवक्ताले भन्नुभयो, "विदेश मन्त्रालयले विदेशमा रहेका अमेरिकी नागरिकको सुरक्षाभन्दा ठूलो प्राथमिकता अरू केही छैन।

"गोपनीयताको विचारको कारण, हामीसँग थप टिप्पणी छैन। अदालतको बयानले आरोपहरूको बारेमा थप विवरण दिएको छैन

चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले सोमबार नियमित पत्रकार सम्मेलनमा यस विषयमा थप टिप्पणी गर्न अस्वीकार गर्नुभयो।

यो घटनाले व्यापार, मानव अधिकार र ताइवानजस्ता विषयमा पहिलेदेखि नै तनावग्रस्त रहेको वासिङ्टनसँगको सम्बन्धलाई थप क्षति पुर्‍याउने सम्भावना छ।

### उत्तर प्रदेशमा चालीस बाँदर मृत फेला

नयाँदिल्ली, १ जेठ (रासस/सिन्ह्वा)।

भारतको उत्तर प्रदेशमा कम्तीमा ४० वटा बाँदर मृत अवस्थामा फेला परेका छन्। राष्ट्रिय राजधानी नयाँदिल्लीबाट करिब १२१ किलोमिटर पूर्वमा पर्ने हापुड जिल्लाको गढमुक्तेश्वर वन क्षेत्रमा ती मृत बाँदर फेला परेका हुन्।

वन विभागका अधिकारीले बाँदरलाई विष खुवाएको हुन सक्ने आशङ्का व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "गढमुक्तेश्वर क्षेत्रको झाडीमा ४० वटा बाँदर मृत अवस्थामा फेला परेको हामीले थाहा पायौं। हाम्रो टोलीले घटनास्थलमा थुप्रै तरबुजा र गुडका टुक्रा फेला पारेको छ," वन विभागका एक अधिकारीले भन्नुभयो।

"मुख्यतः बाँदरलाई विष खुवाएको हुन सक्ने आशङ्का गरिएको छ, पुष्टि हुन अझै बाँकी छ," उहाँले भन्नुभयो।

प्रहरी टोली पनि घटनास्थलमा पुगेको छ र बाँदरको मृत्युको अनुसन्धानका लागि मुद्दा दर्ता गरिएको छ। "घटनास्थलमा छरिएर रहेका खाद्य वस्तुमा विष मिसाइएको छ कि छैन भनेर पत्ता लगाउन नमुना सङ्कलन गरिएको छ," उहाँले भन्नुभयो।

यसैबीच, वन विभागका अधिकारीले केही शव परीक्षणका लागि बरेलीस्थित भारतीय पशु चिकित्सा अनुसन्धान संस्थानमा पठाएका छन्।

# पाँच दिने क्षमता अभिवृद्धि तालिम सुरु



**दैनिक समाचारदाता**
**राजविराज, १ जेठ ।**

साक्षारता तथा गणितीय सीप बिकास सम्बन्धि पाँच दिने क्षमता अभिवृद्धि तालिम सोमबारदेखी सुरु भएको छ ।

सप्तरीको खडक नगरपालिकामा सेभ द चिल्ड्रेनको सहयोगमा खडक नगरपालिकाकै समन्वयमा सबल नेपालले आयोजना गरेको तालिममा खडक नगरपालिका भरिका सामुदायिक बिद्यालयका करिब २५ जना शिक्षक/शिक्षिकाको सहभागिता रहेको छ ।

समुन्नति कार्यक्रम अर्न्तगत संचालन गरिएको साक्षारता तथा गणितीय सीप बिकास सम्बन्धि पाँच दिने क्षमता अभिवृद्धि तालिममा कक्षा १ र २ का शिक्षक र शिक्षिकाहरु उक्त तालिममा भाग लिएका छन ।

साक्षरता र गणितिय सीप सम्बन्धि शिक्षण गर्न र सन्दर्भ सामग्रीहरु तयार गर्न सीपको बिकास हुने, शैक्षिक सामग्रीहरु निर्माण गरी प्रयोग गर्ने तरिका र बिधीको बारेमा ज्ञान प्राप्त हुने, गुणस्तरीय शिक्षा प्रदान गर्न सक्षम हुने उद्देश्यका साथ शिक्षक र शिक्षिकाहरुको तालिम दिइरहेको सबल नेपालका कार्यक्रम सुपरभाइजर अशोक कुमार साहले जानकारी दिए ।

सेभ द चिल्ड्रेनका कायृक्रम संयोजक असबिर सारु र सबल नेपालका फिल्ड अधिकृत राधेश्यम रामले तालिमको सहजिकरण गर्दैछन् ।

# चिकित्सकको परामर्श शुल्क बढ्यो

काठमाडौँ, १ जेठ (रासस) ।

नेपाल चिकित्सक सङ्घ र एशोसिएशन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन नेपाल (अफिन)ले सोमबारदेखि लागू हुने गरी चिकित्सकको परामर्श सेवा शुल्क बढाएको छ ।

सङ्घका महासचिव डा सञ्जीव तिवारीले सोमबारदेखि लागू हुने गरी चिकित्सकको परामर्श शुल्क पहिलेको तुलनामा १४ प्रतिशत बढाइएको जानकारी दिनुभयो ।

सङ्घले चिकित्सको परामर्श शुल्क दुई वर्षपछि बढाएको हो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका तर्फबाट शुल्क पुनरावलोकन तथा निर्धारण नहुन्जेलसम्मका लागि बहिरङ्ग सेवा शुल्क (ओपिडी) शुल्क बढाइएको हो । सरोकारवाला निकायको परामर्शका आधारमा शुल्क तोक्न सक्ने अख्तियारीलाई मुख्य आधार बनाइ नेपाल राष्ट्र बैंकको मुद्रास्फीति तथा शुल्क परामर्श समितिको सिफारिसका आधारमा शुल्क बढाइएको उहाँले बताउनुभयो ।

महासचिव तिवारीले चिकित्सकको नयाँ परामर्श शुल्क रू चार सय २० देखि रू नौ सय ४० सम्म तोकिएको बताउनुभयो ।

नयाँ शुल्कअनुसार पाँच वर्षभन्दा कम अनुभव भएका एमबीबीए तथा बीडीएस तहका चिकित्सकको शुल्क रू चार सय २० र पाँच वर्षभन्दा बढी अनुभव भएकाको रू पाँच सय १५ परामर्श शुल्क तोकिएको छ ।

यस्तै अब पाँच वर्षसम्म अनुभव भएका डिप्लोमा तहका चिकित्सकको रू पाँच सय ९० र त्योभन्दा बढी छ भने रू छ सय ७० तथा पाँच वर्षसम्मको अनुभव भएका एमडी, एमएस, एमडीएस तहका चिकित्सकले रू सात सय ५० र पाँच वर्षभन्दा बढी अनुभव भएकाले रू आठ सय परामर्श शुल्क लिन पाउने गरी तोकिएको छ ।

डीएम/एमसीएच चिकित्सकको हकमा पाँच वर्षभन्दा कम अनुभव भए रु आठ सय ८०, पाँच वर्षदेखि १० वर्षसम्मको अनुभव भए रू नौ ४० र १० वर्षभन्दा माथि अनुभव भएका चिकित्सकका लागि रू नौ सय ४० परामर्श शुल्क तोकिएको छ ।

साथै एमडी/एमएस/एमडीएसका हकमा भने पाँच वर्षभन्दा कम अनुभव भएकाले रु ७५०, पाँचदेखि १० वर्षसम्म अनुभव भएकाको हकमा रु आठ सय र १० वर्षभन्दा बढी अनुभव भएकाको हकमा रु नौ सय ४० शुल्क तोकिएको छ ।

# विद्यालय स्वास्थ्य तथा पोषण सप्ताहा कार्यक्रम सुरु

**दैनिक समाचारदाता**
**राजविराज, १ जेठ ।**

बिद्यालय स्वास्थ्य तथा पोषण सप्ताहा कार्यक्रम सोमबारदेखि सुरु भएको छ ।

सेभ द चिल्ड्रेन र सबल नेपालको साझेदारीमा सप्तरीको सुरुङगा र खडक नगरपालिकामा रहेका करिब ७२ वटा सामुदायिक बिद्यालयमा सोमबारबाट पोषण साप्ताहा सुरु भएको हो ।

समुन्नति परियोजना अर्न्तगत सुरु भएको बिद्यालय स्वास्थ्य तथा पोषण सप्ताहा कार्यक्रम जिल्लाको खडक नगरपालिकाका ४१ वटा समुदायिक बिद्यालय र सुरुङगा नगरपालिकाको ३१ वटा बिद्यालयमा सोमबार बिभिन्न कार्यक्रमहरुको आयोजना गरिएको सबल नेपालले जनाएको छ ।

जसअर्न्तगत सोमबार पहिलो दिन पोषण पर्दशनी, स्वास्थ्य परिक्षणका लागि आँखा जाँचको सामग्री, ४१ वटा तोल नापने मैसिन, ५६ वटा उच्चाई नापने मैसिन समेत बिभिन्न बिद्यालयलाई प्रदान गरिएको सबल नेपालका अर्चाना यादवले जानकारी दिए ।

यो कार्यक्रम सोमबारदेखि सात दिन सम्म खडक र सुरुङगा नगरपालिकाको बिभिन्न सामुदायिक बिद्यालयहरुमा संचालन रहने जनाइएको छ ।

### *अवैध फोन ...*

प्रालि सिङ्गापुरको ज्वाइन्ट भेन्चर छनोट गरी छ महिनाभित्र उक्त प्रणाली लागू गर्न अनुमति दिएको थियो । गत साउन १ गतेदेखि आंशिकरुपमा एमडिएमएस लागू गरेको प्राधिकरणले सोमबारदेखि उक्त प्रणाली पूर्ण रुपमा लागू गरेको हो ।

# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**सुरुङ्गा नगरपालिका, सप्तरी**


## डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



## व्यवसायिक कृषिले बनाउँछ सुखी।

- निर्वाहमुखी कृषि प्रणालीमा सुधार गरी व्यवसायिक कृषिको प्रारम्भ गरौं,
- खेतीयोग्य जमिन बाँझो नराखौं,
- लाखौं खर्च गरेर विदेशिनुको सट्टा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,
- व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, CITY EXPRESS MONEY TRANSFER, Best Remit Quick & Easy, PRABHU Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*